# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

अछाबे

संघीय मामिला तथा स्थानीय विकास लेखापरीक्षण निर्देशनालय
डोरमुकाम : चितवन

Phone 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७४।७५
च.नं.: ५६

मिति: २०७४।११।०९

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
राप्ती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।०९ मा छलफल पश्चात् तयार गरिएको पाना १८(अठार) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(रामकृष्ण अधिकारी)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
भरतपुर, चितवन: प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
भरतपुर, चितवन: प्रतिवेदन संलग्न छ ।



Scanned by CamScanner

## आर्थिक कारावारको स्थिति

| कार्यालय र स्थान: श्री राप्ती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भण्डारा चितवन । | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखी | सम्म | |
| राप्ती न पा नगरपालिका | कार्यालय प्रमुख | श्री भगिरथ रम्मी<br>श्री सुन्दरप्रसाद श्रेष्ठ<br>श्री गंगाबहादुर भुजेल | | | ३,७८,४८,५५७.९७ |
| | लेखा प्रमुख | श्री चिन्तामणी चापागाई<br>श्री गोपालप्रसाद तिवारी<br>श्री मुक्तिप्रसाद चापागाई | श्रावण<br>पौष १६<br>बैशाख ११ | पौष १५<br>बैशाख १०<br>आषाढ | |
| साविक लोथर गा वि स | कार्यालय प्रमुख | श्री कुलप्रसाद आचार्य | श्रावण | फाल्गुण २७ | |
| साविक कोराक गा वि स | कार्यालय प्रमुख | श्री राजेन्द्र मैनाली | श्रावण | फाल्गुण २७ | |

## एकीकृत आय-व्ययको विवरण

| क.स. | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात | जम्मा |
| **सावक** न.पा., गाउँ **विकास समितितर्फ** (२०७३।४।१-११।२७) | | | | | | | |
| १. | राप्ती नगरपालिका | ४८१४२५५.९८ | ५६८२५३०३.४४ | ६१६३९५५९.४२ | ५४२७०६०३.६९ | ७३६८९५५.७३ | ६१६३९५५९.४२ |
| २. | लोथर गाउँ विकास समिति | ६८६८२८.७३ | ६०२९९०७.३७ | ६७१६७३६.१० | ४१६१५१०.३७ | २५५५२२५.७३ | ६७१६७३६.१० |
| ३. | कोराक गाउँ विकास समिति | १७५८८२८.६३ | ९०८०१५४.४२ | १०८३८९८३.०५ | ६०१८९४१.०० | ४८२००४२.०५ | १०८३८९८३.०५ |
| | **जम्मा:** | **७२५९९१३.३४** | **७१९३५३६५.२३** | **७९१९५२७८.५७** | **१५११३०६४३.८०** | **२३०३२५९२२.३७** | **७९१९५२७८.५७** |
| **राप्ती नगरपालिका ( २०७३।११।२८-०७४।३।३०** | | ७३०४७०६.०० | १०४८७२५१४.०० | ११२१७७२२०.०० | ८३४८३८२४.०० | २८६९३३९६.०० | ११२१७७२२०.०० |
| | **कूलजम्मा:** | **१४५६४६१९.३४** | **१७६८०७८७९.२३** | **१९१३७२४९८.५७** | **२३४६१४४६७.८०** | **२५९०१९३१८.३७** | **१९१३७२४९८.५७** |

उल्लेखित आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, नमुना छनौट, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरी स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार छनौट (Sampling) को आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७४।११।०९ मा व्यवस्थापनसंग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

Scanned by CamScanner

**परिचय**: स्थानीय निकायमा जनताको लागि सोभ्ने
साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रि
सहभागितामा आधारित नागरिक समाजको स्थापना ग
सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा
कार्यको लागि २०७३ फाल्गुण २८ मा साबिक लोथ
कार्यपालिकाको रुपमा स्थापना भएको हो । नेपाल स
अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामूलक कार्य
गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्
स्थानीय जनताका आधारभूत आवश्यकताको परिपूर्ति स्थ
आत्मसात गरी व्यक्तिगत घटना दर्ता, बसाइसराई प्रमाणी
विद्यालय भवन, स्वास्थय चौकी भवन आदिको निर्माण
कार्यक्रमको सञ्चालन गर्नु यस कार्यालयको कार्यक्षेत्र रहेको

राप्ती नगरपालिकातर्फ (२०७३।११।२७ देखि आषाढ मशान्

| | आय | | |
|---|---|---|---|
| क.सं. | विवरण | रकम | क.स. |
| १. | अल्याभएमामात्र | ७३०४७०६. | १. |
| २. | जि.वि.स.अनुदान | ५००००- | |
| (क) | चालु अनुदान | ५३०३९८३ | (क) |
| (ख) | पूंजीगतअनुदान | ५३०२१९८६. | (ख) |
| (ग) | सामाजिक सुरक्षाभत्ता | १९९०३०००. | (ग) |
| (घ) | अन्य | १२११४९१३. | (घ) |
| ३. | गाउँ पालिका अनुदान | - | २. |
| (क) | चालु अनुदान | | (क) |
| (ख) | पूंजीगतअनुदान | ५४७५७२५. | (ख) |
| (ग) | स्थानीयशासन | २७८३०६४. | (ग) |
| (घ) | बहुक्षेत्रीयपोषण | | (घ) |
| (ङ) | अन्यलागत सहभागिता | ८०९४२६. | (ङ) |
| ४. | आन्तरिक आय | ४३३७९७६. | ३. |
| | कन्टिनजेन्सी | ६२२४४१. | (क) |
| | | | (ख) |
| | जम्मा रु | ११२१७७२२०. | |

राप्ती नगरपालिकातर्फ (२०७३।४।१ गते देखि २०७३।११।२५

| | आय | | |
|---|---|---|---|
| क.सं. | विवरण | रकम | क |
| १. | अल्याभएमामात्र | ४८१४२५५.९८ | १. |
| २ | जि.वि.स.अनुदान | | |
| (क) | चालु अनुदान | २६३२१८४. | |
| (ख) | पूंजीगतअनुदान | ३६८९२००.२७ | |
| (ग) | सामाजिक सुरक्षाभत्ता | ४१९७९०००. | |
| (घ) | अन्य | ६२०६५७. | |

Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | गाउँपालिका अनुदान | | २ | गाउँपालिका अनुदानखर्च | |
| (क) | चालु अनुदान | | (क) | चालु अनुदान | |
| (ख) | पूँजीगत अनुदान | | (ख) | पूँजीगत अनुदान | |
| (ग) | स्थानीयशासन | २५२९.३६. | (ग) | स्थानीयशासन | २५२९.३६ |
| (घ) | बहुक्षेत्रीयपोषण | | (घ) | बहुक्षेत्रीयपोषण | |
| (ङ) | अन्य पे फ बाट | ९३०५००. | (ङ) | अन्य | |
| ४ | आन्तरिक आय | ६५६४५७७. | ३ | मौज्दात | |
| | कर दाखिलाबाकी | १५६२४९.१७ | (क) | बैंक | ७३६८९५५.७३ |
| | | | (ख) | नगद | ० |
| | जम्मा रु | ६१६३९५५९.४२ | | | ६१६३९५५९.४२ |

१. **आन्तरीक नियन्त्रण र वित्तीय जवाफदेहिता:-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार प्रत्येक कार्यालयले सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वितीय प्रतिवेदन प्रणाली लाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नु पर्ने र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटिनु पर्ने व्यवस्था गरेको छ । यस कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्था र वित्तीय जवाफदेहिताको अनुसूची- २१ समेतको आधारमा मूल्याङ्कन गर्दा देखिएका व्यहोराहरु यसप्रकार रहेका छन् ।

- **जिन्सी सामानको मूल्य:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(४) अनुसार पूराना मालसामानको मूल्य कायम गरी राख्नुपर्ने व्यवस्था रहेकोमा कतिपय जिन्सी मालसामानको मूल्य खुलाई राखेको देखिएन ।
- **जोखिम पहिचान:** कार्यालयले वर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।
- **योजना सन्चालन:** सन्चालित आयोजनको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।
- **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार मासिक रुपमा आन्तरिक लेखापरीक्षण नभएको र अन्तिम लेखापरीक्षण हुनु पूर्व आन्तरिक लेखापरीक्षणको कैफियत, बेरुजु फछ्र्यौट गरेको देखिएन ।
- **सवारीको लगबुक:** सवारी इन्धनको लगबुक राखेको देखिएन ।
- **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।
- **कार्यक्रम वाइज खर्च खाता:** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खर्च भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।
- **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।
- **मर्मत अभिलेख:** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन ।
- **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक



Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
| --- | --- |
| | सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>• **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>• **मालसामानको लागत अनुमान:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर खरिद कार्य गरेको देखिन्छ ।<br><br>• **वर्गिकरण र सूचकित:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(२) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण, सूचीकृत तथा लगत अद्यावधिक नगरी कामको आधारमा उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत काम गराउने गरेको छ । अत: कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।<br><br>• **उपभोक्ता समिति:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(३) मा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले बेहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समूह आफैले प्रस्ताव वा निवेदन प्रस्तुत गर्न सक्ने र यसरी प्रस्ताव पेश गर्दा लाभग्राही परिवारको सूची, लाभग्राही परिवारका उपभोक्ता समूहले योजनाको आवश्यकता र योजना सञ्चालनमा दिनसक्ने योगदानको विवरण सहित उपभोक्ता समूहको भेलाको माइन्युट समेत साथै राख्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।<br><br>• **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ बमोजिम उपभोक्ता समितिवाट सन्चालित योजनाको फरफारक गर्दा नापी किताब, उपभोक्ता सम्वन्धी विल र कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ता समिति, सम्झौता मिति, सम्पन्न गर्ने मिति, सम्झौता रकम, प्राविधिक नापजाँच गरेको मिति, कार्यसम्पन्न भएको मिति लगायत कुनै पनि योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६ अनुसार उपभोक्ता समितिको सूचिकरण दर्ता, नवीकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम र वजेटको विवरण, आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण, आयोजनाको जाँचपास, स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि लगायतका उपभोक्ता समितिले उल्लेखनीय कार्य गरेको देखिने विवरण र कागजात कार्यालयमा पेश गरेको नदेखिएकोले उपभोक्ता समितिलाई कानुनी व्यवस्थाको पालना गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>• **म्याद थप:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(द) मा उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा सम्वन्धित स्थानीय निकायले म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालमा उपभोक्ता समूहबाट म्याद थपको लागि निवेदन नदिएको र समयमा कार्यसम्पन्न गर्न नसकेको अवस्थामा पनि कुनै किसिमको कारवाही नगरी सम्झौता बमोजिमको रकम भुक्तानी गरेको छ ।<br><br>• **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी |



Scanned by CamScanner

**बफा नं.** | **भौ.नं., मिति र व्यहोरा**

सकिने कोषको स्थापना गर्दा विशेष परिस्थितिमा र क्षेत्रगत रुपमा लक्षित वर्गका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सकिने हुँदा कोष स्थापना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

(व्यवस्थापनसंगको छलफलमा ३ वटा कोषमा रकम जम्मा गरिएको जानकारी गराएको छ।)

८. **साविकका गाविसहरुको बेरुजु लगत/जिन्सी/पेश्की:** साविक गाविसहरुको बेरुजु, पेश्कि बाँकिको अभिलेख, चल, अचल सम्बन्धिको अभिलेख राखेको नदेखिएकोले नगरपालिकामा समाहित भएका साबिक गाविसको सम्पत्ति तथा दायित्वको स्पष्ट अभिलेख राखि सम्पत्तिको व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

९. **बजेट फ्रिज:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा साल नमाममा बाँकी रकम फिर्ता दाखिला गर्ने व्यवस्था रहेकोमा कार्यालयले फिर्ता दाखिला गर्नुपर्ने देहायका शिर्षकको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी मूल कोष खातामा ट्रान्सफर गरेकोले रु.६५९५२५७।० सन्चित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

| ब.उ.शि.न. | कार्यक्रम | निकाशा | खर्च | फिर्ता गर्नुपर्ने रु |
|---|---|---|---|---|
| ६०२११०३ | संघीय सरचना (चालु) | २००००००.०० | १२८७४४७.०० | ७१२५५३.०० |
| ३६३८१७३ | नगरक्षेत्र पूर्वाधार | १५८७००००.०० | ११५७०६७८.०० | ४२९९३२२.०० |
| ३६५८१९३ | एल जि सि डि पि | २७८३०६४.०० | ११९९६८२.०० | १५८३३८२.०० |
| | जम्मा | | | ६५९५२५७.०० |

१०. **थप सुविधा:** गत विगतको परिषदको निर्णयानुसार भनी नगरपालिकामा कार्यरत १६ कर्मचारीहरुलाई दर्जा अनुसार थप सुविधा भनी मासिक रु.६२०००।० का दरले वार्षिक रु.७,४४,०००।० थप सुविधा र दोस्रो नगरपरिषदमा काम गरेको भनी १५ कर्मचारीलाई एक महिनाको तलब रु.१७००००।० समेत रु.९१४०००।० खर्च लेखेको छ । यसरी थप सुविधा दिने छुट्टै कानूनी व्यवस्था नरहेतापनि नगरपालिकाको आन्तरिक स्रोतबाट थप सुविधा दिदै आएको छ । आन्तरिक आयको २५ प्रतिशत खर्चको सीमा भित्र प्रशासनिक खर्च नरहेको र पूंजीगत काममा खर्च गर्नुपर्ने रकमबाट कर्मचारीलाई सुविधा दिने निर्णय कानूनसम्मत देखिएन ।

(व्यवस्थापनसगको छलफलमा नियमित गरिने जानकारी गराएको छ।)

११. **कन्टिन्जेन्सी खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) मा खर्चका वील भर्पाइ र प्रमाण कागजातहरु सहितको लेखा राख्ने र राख्न लगाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले प्रत्येक आयोजनाको रकम भुक्तानी गर्दा भुक्तानी रकममा कन्टिन्जेन्सी खर्च जोडी बजेट खर्च लेखेको र यस्तो कन्टिन्जेन्सी रकमको बिल भरपाई सलग्न नराखी कन्टिन्जेन्सी कट्टी गरी राखेको छ । बजेट खर्च नभएको रकमलाई बजेट खर्च देखाउनु प्रचलित लेखा सिद्धान्त विपरित रहेको र यो वर्ष कुन कुन योजनाको के कति कन्टेन्जेन्सी कट्टी गरी के केति खर्च भई के कति बाकि रहेको छ खुल्ने अभिलेख राखेको नदेखिएकोले कन्टेन्जेन्सी खर्चको अभिलेख अद्यावधिक गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

१२. **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली २०६४ मा भ्रमणमा खटिने कर्मचारीले दैनिक रुपमा पाउने भत्ता तोकिएको छ । कार्यालयले ई.राजेश कोइरालालाई पाउने रकम भन्दा निम्नानुसार बढी भुक्तानी गरेकोले बढी भुक्तानी रु.८२००।० असुल गर्नुपर्ने देखिएको छ ।

| भौ.न. र मिति | भ्रमण स्थान | भ्रमण अवधि | पाउने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २७/०७३/९/३ | काठमाडौं | ०७३/६/१-६/४ | ५२०० | ८००० | २८०० |
| | | ०७३/८/१५-८/१८ | ५२०० | ९८०० | ४६०० |
| ४/०७३/५/१६ | काठमाडौं | ०७३/४/३०-५/४ | १०००० | १०८०० | ८०० |
| | जम्मा | | | | ८२०० |

१३. **ह्युमपाईप खरिद (भौ.नं.१५०।०७४।३।२६):** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउने सक्ने व्यवस्था रहेको छ । विभिन्न साईजका रु.१२,५०,०००।० को ह्युमपाईप उपभोक्ता



Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | समिति मार्फत खरिद गरी विभिन्न वडाहरुलाई वितरण गरेकोमा कुन कुन स्थानमा के कति प्रयोग भएको छ प्रयोग भएको नाप जाँच सहितको नापी किताब पेश हुनुपर्ने देखिएको छ । |
| १४. | **अतिरिक्त समय भत्ता:** कार्यालयले विभिन्न कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेको भनी बिलानुसार भुक्तानी गरेको छ । परिषदको निर्णयानुसार कर्मचारीलाई मासिक रुपमा भत्ता भुक्तानी गर्दै आएकोमा पुन अतिरिक्त समय काम गरेको भनी रु ५०९६७२।० भुक्तानी दिनु कानुन सम्मत देखिएन । |

| भौ.न. र मिति | भुक्तानी पाउने | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४९/०७४/३/२९ | ११ कर्मचारी | वैशाख देखि आषाढको भत्ता | [illegible] |
| १२/०७३/६/१९ | | श्रावण भाद्र | [illegible] |
| | जम्मा | | ५०९६७२.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १५. | **नगरपालिका अनुदान पुँजिगत खर्च खाता** |
| १५.१ | **सफ्टवेयरको खरिद:** आर्थिक कार्यविधि नियमावली-२०६४ को नियम ४७ (३) मा प्राविधिक काम प्रयोगमा ल्याइने जिन्सी मालसामानको सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी बाट जचाई के कस्तो अवस्थामा माल सामान प्राप्त भएको हो प्रमाणीत गराई सो कुराको कैफियत जनाई लगत खडा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमका सफ्टवेयर खरिद गरेकोमा ती सफ्टवेयर प्रयोगमा आई कार्य सञ्चालन भएको देखिएन । यस बाट रकम खर्च भएको र सो बाट सेवा उपलब्ध भएको छैन भने बजेट खर्च भएको अवस्था देखिएकोले यसको लागि सम्वन्धित कर्मचारीलाई जिम्मेवार बनाइनु पर्दछ । |

| क.सं. | गो.भ.नं./ मिति | फर्मको नाम | सफटवेयरको नाम | विनियोजन |
|---|---|---|---|---|
| १ | १८/२०७३।११।२४ | इकोप्लस प्रा.लि. | जिन्सी व्यवस्थापन सफटवेयर | १,६९,७२५.०० |
| | | | कुल जम्मा | १,६९,७२५.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १५.२ | **खर्चको मापदण्ड** (भौ.न. ८१/२०७४।०३।२३) अर्थ मन्त्रालय बाट जारी गरीको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद-५ मा तालिम गोष्ठी सञ्चालन गर्दा खर्चको मापदण्ड तोकेको छ । आदिवासी जनजाती, जेष्ठ नागरिक समेतको तालिम गोष्ठी मा रु ८७३०००.०० खर्च भएको देखियो । कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम अनुसार तालिमको प्रस्तावना कार्यतालिका कार्यक्रमको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । निर्देशिकाले तोकेको मापदण्ड पालना भएको देखिएन । |
| १६. | **ब.उ.शि.नं. ६०२११०३ (संघिय संरचना पुर्वाधार विकास कार्यक्रम)** |
| १६.१ | **जिन्सी अभिलेख:-** सार्वजनिक खरिद नियमावली-२०६४ को नियम ४७ मा कार्यालयमा प्राप्त हुन भएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमका संघीय संरचना पुर्वधार कार्यक्रमबाट प्राप्त निम्न बमोजिमका रु.६,१३,२६८।० मूल्यका जिन्सी सामान जिन्सी किताबमा आम्दानी नबाँधी भुक्तानी दिएको देखियो । यसरी भएको भुक्तानीको लागी सम्वन्धित कर्मचारीलाई जिम्मेवार बनाइनु पर्दछ । |

| क.स. | गो.भौ.नं./ मिति | सामानको विवरण | फर्मको नाम | विनियोजन |
|---|---|---|---|---|
| १ | ३/२०७३।०१।०७ | एकिकृत सम्पत्ति कर निर्देशिका समेत | श्रेया सर्भिस प्रा.लि. | ४९९००८.०० |
| ३ | | खेलकुद सामाग्री | गल्नी न.पा. उपभोक्ता मार्फत | ११४२६०.०० |
| | | | कुल जम्मा | ६१३२६८.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १६.२ | **मोबाइल एप्स खरिद:** कार्यालयले शुभारम्भ सोलुसन प्रा.ली. काठमाण्डौ संग मिति २०७३।१।२४ मा गरेको सम्झौता बमोजिम मुल्य अभिवृदि कर समेत रु २,८२,५००/- भुक्तानी भएको छ । सेवा प्रदायक संस्थाले कालिका नगरपालिकाको नाममा जारी गरेको विजकबाट यो नगरपालिका वाट भुक्तानी भएकोले अन्य कार्यालयको खर्च रु.२,८२,५००/- असुल गर्नु पर्दछ । |



Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १६.३ | **कर कट्टी:** (भौ न ७/२०७४।०३।२) मा आय कर ऐन २०५८ को दफा ८८ (१) मा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिका इन्जिनियर राजेश कोइराला लाई आन्तरीक भत्ता भुक्तानी रु.१,३०,०००.०० मा १५ प्रतिशतले रु.१९५००/- कट्टा गर्नु पर्नेमा रु.१९५०/- मात्र कट्टा गरेकोले घटी कर कट्टी गरेकोले रु.१७,५५०/- असुल गर्नु पर्दछ। |
| १७. | **सडक बोर्ड नेपाल तर्फ:** |
| १७.१ | **(भौ.नं. ६/२०७३।११।१५) मुल्य अभिवृद्धि कर दर्ता भएका संस्था:-** सार्वाजनिक खरिद नियमावली-२०६४ को नियम १९ सार्वजनिक निकायले २० हजार रुपैया भन्दा बढि रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गारउदा मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासग खरिद गर्नु पर्ने, मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफ १४(१)(२) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा बिजक जारी गर्नुपर्ने र सो बमोजिम नगरेमा दफा २९(१) बमोजिम दण्ड सजाय गर्ने व्यवस्था रहेको छ । राप्ती नगरपालिका पुलचो स्याउली बजार बाटो निर्माणको स्वीकृत लागत अनुमान रु.२४३१११७।०७ मध्ये सडक बोर्डको रु.१७०१७८१.९५, नगरपालिका अनुदान ४८५६२३.४१ र उपभोक्ता समितिको योगदान रु.२४३१११.७१ को कार्यक्रममा उपभोक्ता समितिले अनुष्का निर्माण सेवा हेटौडा बाट २८८० घन मिटरको रु.१९७९२८०.०० निर्माण व्यवसायीको लेटर प्याडको सादा बिलको आधारमा भुक्तानी भएको भरपाई पेश भएको छ । मू.अ.करमा दर्ता भएको निर्माण व्यवसायीले तोकिएको ढाँचाको कर बिजक प्रयोग नगरी लेडर प्याडमा सादा बिल जारी गर्नु मू.अ.कर ऐनको उल्लंघन भएकोले काननी व्यवस्था बमोजिम दण्ड सजाय गर्नुपर्ने देखिएको छ |
| १७.२ | **कर दाखिला:-** आयकर ऐन २०५८ को दफा ९० मा दफा ८८ र ८९ बमोजिम कट्टी गरिएको अग्रिम कर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । ऐनको व्यवस्था अनुसार कट्टी गरिएको राजश्व रु.७६५०१० दाखिला भएको नदेखिएकोले दाखिला गर्नुपर्दछ। |
| १७.३ | **परामर्श सेवा:-**सार्वजनिक खरिद नियमावली-२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्नका लागि कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयमा इन्जिनियर नभएको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि जिल्ला समन्वय समितिमा कार्यरत इन्जिनियर राजेश कोइराला लाई नगरपालिका नक्सा पास लगायत अन्य प्राविधिक कार्य गरे वापत मासिक रु.१००००.०० को दरले १३ महिना रु.१३००००/- भुक्तानी दिएको देखियो । यसका अतिरिक्त देहाय बमोजिमका बजेट उपशिर्षक बाट परामर्शदाता मार्फत कार्य गराई खर्च लेखेको देखियो । निम्न बमोजिमको खर्च रु.१०६२३००/- क्षेत्रगत शर्ततयार नगरी यस्तो खर्च गर्न आदेश दिने र खर्च गर्ने कर्मचारी लाई जिम्मेवार बनाइनुका साथै उक्त खर्च आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३८ बमोजिम नियमित गर्नु पर्दछ। |

| क.सं. | ब.उ.शि.नं. | गो.भौ.नं./ मिति | कामको विवरण | फर्मको नाम | विनियोजन |
|---|---|---|---|---|---|
| १ | सडक बोर्ड | २०७३।१०।१९ | रोड इनभेन्ट्री तयार | आवर क्रिएटिभ नेपाल | २८८१५०.०० |
| २ | सडक बोर्ड | २०७३।१०।१९ | ग्रामिण सडक इनभेन्ट्री तयार | इशान इन्जिनियरड | २८८२५०.०० |
| ३ | संघीय संरचना | | प्यारीढाप सडकमो ड्इड डिजाइन | सिनर्जी इन्जिनियरड | ४८५९००.०० |
| | | | | कुल जम्मा | १,०६२,३००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १७.४ | **पेश्की:-** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ (३) पेश्की फछ्यौट गर्नु पर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त सम्ममा पनि रु.५०००००/- फछ्यौट भएको नदेखिएकोले नियमानुमार पेश्की फछ्यौट गर्नु पर्दछ। |
| १८. | **ब.उ.शि.नं. ३६५८१७३ तर्फ** |



Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|

१८.१ **मु. अ. कर समायोजन:** मूल्य अभिवृद्धिकर ऐन २०५२ को दफा १४(१) र बमोजिम कुनै वस्तु तथा सेवा आपूर्ति गर्दा कर बिजक तोकिएको ढाँचामा सिलसिलेवार नम्बर राखी जारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले छायाँप्रति बिलबाट निम्न बमोजिमका उपकरण खरीद गर्दा भुक्तानी दिएको देखियो । अतः तोकिएको बिजकबाट रु ९,२३३८०/ को सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्दछ ।

| भौ.न र मिति | सप्लायर्सको नाम | सामानको विवरण | भुक्तानी रकम | समायोजन प्रमाण पेश गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ५/०७४-३-२९ | आई.एम.ई. अटो मेटिक्स प्रा.लि | ब्याक हो लोडर | ५६९००००.०० | ४२४५१३.०० |
| ७/०७४-३-२९ | एम.ए डब्लु अयं मुभर्स | जे.सी.बि. भि.एम.टी | ४३३६३०७.०० | ४९८८६७.०० |
| | | जम्मा | १००२६३०७.०० | ९२३३८०.०० |

१८.२ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३)(क) अनुसार प्रस्ताव पेश भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकता अनुसार छलफल वार्ता वा निर्माण स्थलको भ्रमणगरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने रकम कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवस्था समेत खुलाउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले वडा नं ५ र १० को कार्यालयभवनको लागत अनुमान तयार गर्दा लागत अनुमानको परिमाण, दर र रकममा कुनै अंक उल्लेख नगरी लमसम (एलएस) मात्र उल्लेख गरेको छ । उल्लेखित निर्माण कार्यको आईटमवाईज परिमाण, दर, रकम तथा कूल परिमाण र रकम उल्लेख नगरी तयार गरिएको लागत अनुमानका आधारमा रु.२१,२०,११०/- भुक्तानी दिएकोले अनियमित देखिएको छ । तोकिएको ढाँचामा लागत अनुमान तयार नगर्ने, स्वीकृत गर्ने, सम्झौता तथा भुक्तानी गर्ने कर्मचारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

| क.सं. | भौ.नं र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ६/०७४-६-२९ | वडा नं. १० कार्यालय भवन | ९२०११०/- |
| २ | ८/०७४-३-३० | वडा नं. ५ कार्यालय भवन | १२०००००/- |
| | | **जम्मा** | **२१२०११०/-** |

१८.३ जिल्ला विकास समितिमा कार्यरत ईन्जिनियर श्री राजेश कोइरालालाइ मासिक रु.१०,०००/- र दशैं भत्ता रु.१०,०००/- समेत वार्षिक रुपमा रु.१ लाख ३० हजार भत्ता दिने र सो वापत नगरपालिकामा नक्सा पासको कार्य गर्ने भनी तोकिएकोमा छ । श्री राजेश कोइरालाले वडा भवन निर्माणको लागि आवश्यक पर्ने नक्सा निर्माण नगरी बाह्य कन्सल्ट्यान्टबाट वडा नं ५ र १० को २ भवनको नक्सा बनाई रु.९,७१,८००।० भुक्तानी दिएको अनियमित देखियो ।

१९. **उपभोक्ता समितिमार्फत कार्य:** उपभोक्ता समिति मार्फत गरिएका कार्यको परीक्षण गर्दा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।

१९.१ **जटिल कार्य:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ । तर कारण खोली स्थानीय निकायले निर्णय गरेमा विशेष अनुगमनको व्यवस्था मिलाई उपभोक्ता समितिसंग संयुक्त व्यवस्थापनमा अन्य आयोजना कार्यान्वयन गराउन बाधा नपर्ने व्यवस्था रहेकोमा कार्यालयले अधिकांश योजना जटिल प्रकृतिका सडक कालोपत्र गर्ने, मेशिनरी प्रयोग हुने खालका योजनाहरु सन्चालन गरेको देखिन्छ । अतः कानूनी व्यवस्था बमोजिम श्रम प्रविधिमा आधारित योजना मात्र उपभोक्ता समिति मार्फत सन्चालन गर्नुपर्ने देखिन्छ । यसका केहि उदाहरण यसप्रकार रहेका छन ।

| भौ.न. र मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६४/०७४/३/३० | रेडकस चोक दक्षिण भण्डारा सडक पिच उ.स. | सडक कालोपत्रे | २४४७६८७.०० |
| | जम्मा | | |



Scanned by CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| १९.२ | **म्याद थप:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(द) मा उपभोक्ता समितिले आफूले जिम्मा लिएको काम सम्पन्न गर्न थप म्याद आवश्यक भएमा कारण सहित निवेदन दिएमा उपभोक्ता समूह र उपभोक्ता समितिले गरेको निर्णयको आधारमा सम्बन्धित स्थानीय निकायले म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले उपभोक्ता समूहबाट म्याद थपको लागि निवेदन नदिएको र समयमा कार्यसम्पन्न गर्न नसकेको अवस्थामा पनि कुनै किसिमको कारवाही नगरी सम्झौता बमोजिमको रकम भुक्तानी गरेको छ । कानूनी व्यवस्था अनुसार म्याद थप माग पनि नगर्ने र समयमा कार्य सम्पन्न पनि नगर्ने उपभोक्ता समूहलाई कारवाही गर्ने कानूनी व्यवस्था समेत नभएको हुँदा कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने देखिन्छ । यसका केहि उदाहरण यसप्रकार रहेका छन् । |
| १९.३ | **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनि खरिद नियमावली २०६४ को नियम ११(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका सबै कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । |
